
annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २२७, पृष्ठ ८ | काठमाडौं, बिहीबार १० पुस २०८२ | पौष शुक्लपक्ष पञ्चमी, नेपाल संवत् ११४६ | THURSDAY, DECEMBER 25, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# खानीमाथि मुद्दैमुद्दा, त्रिभुवन विमानस्थल स्तरोन्नति अवरुद्ध

क्षमता विस्तार र आधुनिकीकरणका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्तरोन्नति कार्य भइरहेको छ । एक वर्षभित्र सक्ने लक्ष्य लिइएको विस्तार कार्य एकाएक अवरुद्ध जस्तै छ । किनभने, विस्तार कार्यमा कच्चा पदार्थ उत्खनन हुने खानीमाथि मुद्दैमुद्दा परेका छन् । तर, पनि सरोकार निकायको ध्यान गएको छैन ।

सुनिता कार्की | *काठमाडौं* - को रिपोर्ट

समाचार पृष्ठ २

स्तरोन्नति भइरहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल । ● सुनिता डंगोल

## ६ दलको दर्ता खारेज

**राजकरण महतो** | *काठमाडौं*

निर्वाचन आयोगले ६ वटा राजनीतिक दलको दर्ता खारेज गरेको छ। आयोगले राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफ ५४ को उपदफा (४) बमोजिम जरिवाना नबुझाउने दलहरूको दर्ता राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १२ बमोजिम खारेज गरेको जनाएको छ। आम आदमी पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी (लोकतान्त्रिक), नेपाल राष्ट्रवादी पार्टी, आधुनिक नेपाल समाजवादी पार्टी, नेपाल कम्युनिस्ट पार्टी (गौरवशाली) र माओवादी जनमुक्ति पार्टी नेपालको दर्ता खारेज गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए। लगातार तीन वर्षसम्म लेखा परीक्षण प्रतिवेदन नबुझाएपछि आयोगले जरिवाना तोकेको थियो। उक्त जरिवाना पनि नबुझाएपछि पार्टी खारेज गर्ने निर्णय आयोगले गरेको हो।

आयोगले दलको दर्ता खारेज गर्नुअघि पटक-पटक दलका नेताहरूलाई सच्चिन मौका दिएको थियो। यसअघि सोधेको स्पष्टीकरणको जवाफ दिन दलहरू तयार नभएपछि बाध्य भएर कानुनी डन्डा चलाइएको आयोगले जनाएको हो। ६ वटा दलको दर्ता खारेजपछि आयोगमा दल दर्ता संख्या १ सय ३७ मा पुगेको छ। यसअघि आयोगमा १ सय ४३ दल दर्ता थिए।

**राष्ट्रियसभा लागि २ हजार ४३ मतदाता**

निर्वाचन आयोगले राष्ट्रियसभा सदस्य निर्वाचनका २ हजार ४३ जना मतदाताहरूको प्रारम्भिक मतदाता नामावली सार्वजनिक गरेको छ। माघ ११ गते हुने राष्ट्रिय सभाका एकतिहाइ सदस्यको निर्वाचनका लागि प्रारम्भिक मतदाता नामावली आयोगको आधिकारिक वेबसाइटमा प्रकाशन गरिएको हो।

आयोगका प्रवक्ता भट्टराईका अनुसार राष्ट्रियसभा निर्वाचनमा प्रदेशसभा सदस्य, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिका प्रमुख तथा उपप्रमुख मतदाता रहनेछन्। सोहीअनुसार आयोगले सार्वजनिक गरेको प्रारम्भिक मतदाता नामावलीमा प्रदेश सभा सदस्य ५ सय ४५ जना र स्थानीय तहका प्रमुख तथा उपप्रमुख १ हजार ४ सय ९८ जना गरी कुल २ हजार ४३ जना मतदाता समावेश छन्। आयोगका अनुसार अदालतको आदेशअनुसार पदमुक्त भएका एक प्रदेशसभा सदस्य र नीलम्बनमा परेका ४ प्रदेशसभा सदस्य गरी ५ जना प्रदेशसभा सदस्यले मतदान गर्न पाउने छैनन्। त्यसैगरी स्थानीय तहका निधन भएका एक र निलम्बित सातको नाम मतदाता नामावलीमा समावेश गरिएको छैन।

## अस्ट्रेलियामा अतिवादी गतिविधिमा संलग्न विदेशीको भिसा रद्द

**जे पाण्डे** | *सिड्नी, अस्ट्रेलिया*

अस्ट्रेलियाली सरकारले आफ्नो भूमिमा कुनै पनि अतिवाद टिक्न नदिने स्पष्ट संकेत दिँदै कानुनी र राजनीतिक दुवै माध्यमबाट कठोर कदम चालिरहेको छ ।

चरमपन्थी गतिविधि, घृणात्मक भाषण र नियो-नाजी समूहको गतिविधिलाई दमन गर्दै सरकारले समाजको सुरक्षा र सामाजिक एकतालाई प्राथमिकता दिएको जनाएको छ । गृह मामिलामन्त्री टोनी बर्कले 'नियो-नाजी गतिविधि' गरेको आरोपमा एक बेलायती नागरिकको भिसा रद्द गर्दै उनलाई देश छाड्न बाध्य पारेका छन् । यस कदमले सरकारको अतिवादविरुद्धको दृढ नीति झल्काउँछ।

सिड्नीको बोन्डाईमा भएको आतंकवादी आक्रमणपछि अस्ट्रेलियाली सरकारले अतिवाद र समर्थकहरूलाई नियन्त्रण गर्ने र कानुनी रूपमा कुनै छुट नदिने स्पष्ट संकेत दिएको हो। बेलायती नागरिक भिसा रद्द गरेपछि ब्रिस्बेनको आप्रवासन हिरासतमा राखिएका छन् । जहाँ उनलाई स्वेच्छाले देश छोड्ने वा नसकेमा युनाइटेड किङ्डममा देश निकाला गरिने प्रक्रियाअन्तर्गत राखिएको छ ।



भिसा रद्द गरिएका ती नागरिकमाथि नाजी प्रतीक प्रदर्शन गरेको आरोपमा चारवटा मुद्दा दर्ता छन्। प्रहरीका अनुसार, क्विन्सल्यान्डस्थित उनको काबुल्चर घरबाट स्वस्तिक चिह्न अंकित तरबारसहित थुप्रै हतियारहरू जफत गरिएको थिए । ४३ वर्षीय ती बेलायती नागरिक यसै महिनाको सुरुवातमा पक्राउ परेका थिए। उनी सामाजिक सञ्जालमा दुई फरक खाताबाट नाजी प्रतीक प्रदर्शन र यहुदी समुदायविरुद्ध हिंसा प्रचार गरेको आरोपमा दोषी ठहरिएका थिए। सरकारले आफ्नै भूमिमा कसैलाई पनि नाजी प्रतीक प्रयोग गर्न छुट दिएको छैन।

सरकारले जातीय घृणा फैलाउने, विशेषगरी यहुदी, आदिवासी वा अन्य समुदायविरुद्ध हिंसात्मक प्रचार गर्ने र नाजी विचारधारा समर्थन गर्ने गतिविधि रोक्न कडा कदम चाल्दै आएको छ। आतंकवादी आक्रमणपछि बर्कले घृणा फैलाउने भिसा धारकलाई देश निकाला गर्न आफ्ना अधिकार थप कडा बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

गत महिना, दक्षिण अफ्रिकी नागरिक म्याथ्यु ग्रुटरको भिसा पनि नियो-नाजी र्‍यालीमा भाग लिएको कारण रद्द गरिएको थियो। ग्रुटर स्वयंले अस्ट्रेलिया छाडेर फर्किएका थिए। यसबाट सरकारले सामाजिक एकतालाई सुरक्षित राख्न भिसा रद्द गर्ने नीति कडा बनाएको स्पष्ट हुन्छ।

प्रधानमन्त्री एन्थोनी अल्बानिजले बोन्डाई आक्रमणमा बचाउने र घाइतेको उद्धार गर्नेहरूलाई सम्मान गर्ने विशेषसूची तयार गर्ने घोषणा गरेका छन्। यसका लागि गभर्नर-जनरललाई पत्र पठाइएको छ र सम्मान सूचीमा बहादुरी वा प्रशंसनीय सेवाका लागि मनोनयन र सिफारिस गरिएका व्यक्तिहरूको नाम समावेश गरिनेछ।

सरकारले आगामी वर्ष थप सुधारको योजना बनाएको छ। जसले चरम अपमानजनक भाषा प्रयोगलाई पनि गैरकानुनी बनाउनेछ, चाहे यसले हिंसा प्रत्यक्ष रूपमा प्रोत्साहन नगरे पनि।

» बाँकी पृष्ठ ३

## जेलेन्स्कीद्वारा नयाँ शान्ति योजना सार्वजनिक



**किभ** (एजेन्सी) : युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूससँग शान्ति स्थापना गर्न अद्यावधिक गरिएको शान्ति योजनाका विवरण सार्वजनिक गरेका छन्। उक्त योजनामा पूर्वी क्षेत्रमा रहेका युक्रेनी सेनाको सम्भावित फिर्ता र त्यसको सट्टामा सैनिक बिनाको क्षेत्र स्थापना गर्ने प्रस्ताव समावेश छ।

फ्लोरिडामा सप्ताहन्तमा अमेरिकी र युक्रेनी दूतहरूबीच सहमति भएको २० बुँदे योजनाबारे जानकारी दिँदै जेलेन्स्कीले भने, 'अमेरिकाले रूससँग कुरा गरेपछि रूसले प्रतिक्रिया दिनेछ।' उनले यस योजनालाई युद्ध अन्त्य गर्ने मुख्य ढाँचाको रूपमा वर्णन गर्दै यदि भविष्यमा रूसले पुन: युक्रेनमा आक्रमण गरेमा सैन्य प्रतिक्रिया दिन अमेरिका, नाटो र युरोपेली देशहरूबाट सुरक्षा प्रत्याभूति प्रस्ताव गरिएको बताए। युक्रेनको पूर्वी डोनबास क्षेत्रको मुख्य प्रश्नबारे बोल्दै जेलेन्स्कीले 'स्वतन्त्र आर्थिक क्षेत्र' एक सम्भावित विकल्प हुन सक्ने बताए।

## टुट्दै-फेरि जुट्दै राप्रपा

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

राप्रपा र राप्रपा नेपालले पार्टी एकता गर्ने भएका छन्। राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन र राप्रपा नेपालका अध्यक्ष कमल थापाले एकता गर्ने सहमति बुधबार गरेका हुन्। राप्रपा प्रवक्ता मोहन श्रेष्ठले सहमति पत्रमा बेलुकी ७ बजे अध्यक्ष लिङ्देन र अध्यक्ष थापाले हस्ताक्षर गरेको जानकारी दिए।

पार्टी एकता हस्ताक्षर कार्यक्रम राप्रपाको केन्द्रीय कार्यालय धुम्बाराहीमा भएको थियो। प्रवक्ता श्रेष्ठले सहमतिअनुसार पार्टी एकता घोषणा कार्यक्रम पुस १६ गते राष्ट्रिय सभागृहमा हुने जानकारी दिए। उनीहरूले वार्ता समिति बनाएर पार्टी एकता पहल गरेका थिए। पार्टीको सातौं महाधिवेशनमा अध्यक्षमा पराजित भएपछि थापाले राप्रपा परित्याग गरेका थिए र उनले राप्रपा नेपाल जगाएका थिए। ०७८ मंसिरमा राप्रपाको महाधिवेशनमा लिङ्देनले थापालाई पराजित गरेका थिए।

४ वर्षपछि थापा र लिङ्देन पुन: एकै पार्टीमा आबद्ध हुन लागेका हुन्। राप्रपा राजावादी पार्टी हो। ०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनापछि पञ्चायती व्यवस्था मान्नेहरूले खोलेको दल हो राप्रपा। पञ्चायतकालको सत्तामा रहेकाहरूले





०४७ साल जेठ १५ गते राप्रपा गठन गरेका थिए। २०४८ सालमा यो दल विभाजन भयो। एउटाको नेतृत्व सूर्यबहादर थापाले गरे भने अर्कोतिरको नेतृत्व लोकेन्द्रबहादुर चन्दले गरे। ०४८ सालको आमनिर्वाचनमा दुवै दल चुनाव होमिए। कांग्रेस र वामपन्थी दल विशेष एमालेको जगजगी रहेको अवस्थामा राप्रपाको थापा पक्षले १ र चन्दपक्षले ३ सिट मात्रै जित्यो। त्यो बेला प्रतिनिधिसभा २०५ सदस्यीय थियो। कांग्रेसले बहुमत लगाएर सरकार बनायो एमाले प्रतिपक्षमा बस्यो।

२०४९ सालमा नै फेरि उनीहरू मिले। सूर्यबहादुर थापालाई अध्यक्ष चुने। चन्द सहअध्यक्ष भए। २०५१ सालको मध्यावधि निर्वाचनमा राप्रपा तेस्रो ठूलो दलको रूपमा उदायो। उसले २० सिट जित्यो। एमाले सबैभन्दा ठूलो दल भयो। कांग्रेस दोस्रो ठूलोमा खुम्चियो। २०५१ सालमा कुनै पनि दलको बहुमत आएको थिएन।

एमालेको अल्पमतको सरकार ९ महिनामा ढल्यो। त्यसपछि सत्ताको खेलमा राप्रपाको इन्ट्री भयो। २०५२ सालमा राप्रपाको सहयोगमा शेरबहादुर देउवा पहिलो पटक प्रधानमन्त्री भए। त्यहीबाट नेपालको राजनीतिमा विकृति विसंगति भित्रियो। २०५३ सालमा सत्ताकै लागि राप्रपा विभाजन भयो। लोकेन्द्रबहादुर चन्द पक्षले एमालेसँग मिलेर सत्तागठबन्धन गरेपछि राप्रपामा चन्द पक्ष र थापा पक्ष भनेर विभाजन भयो।

» बाँकी पृष्ठ ३

## प्रतिनिधिसभा पुनर्स्थापनाका लागि परेका सबै रिटको एकसाथ सुनुवाइ



**काठमाडौं** (अन्नपूर्ण) : सर्वोच्च अदालतले सरकार गठन र प्रतिनिधिसभा विघटनविरुद्ध दायर सबै रिट निवेदनलाई एकसाथै राखेर पेस गर्न आदेश दिएको छ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरू सपना प्रधान मल्ल, हरिप्रसाद फुयाँल, डा.मनोजकुमार शर्मा र डा. नहकुल सुवेदीको इजलासले नेपाली कांग्रेसका तर्फबाट श्यामप्रसाद घिमिरे सहितले दायर गरेको रिट निवेदनलाई पनि एकसाथ राखेर पेस गर्न आदेश गरेको हो।

संवैधानिक इजलासबाट भएको यो आदेशसँगै अब सरकार गठन र संसद् विघटनसम्बन्धी सबै रिट निवेदनहरूलाई एकै ठाउँमा राखेर सुनुवाइ हुने भएको छ।

सर्वोच्चमा यसअघि कानुन व्यवसायीका तर्फबाट दायर भएका १२ थान रिट र नेकपा एमालेका तर्फबाट दायर भएको रिट विचाराधीन छन्। नेपाली कांग्रेसका तर्फबाट पुनर्स्थापना माग गर्दै सुरुमा प्रमुख सचेतक रहेका घिमिरेसहितले रिट दायर गरेका छन्।

रिट निवेदनमा राष्ट्रपति कार्यालय शीतलनिवास, प्रधानमन्त्री सुशीला कार्की, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, निर्वाचन आयोग, सभामुख, प्रतिनिधिसभा संसद् सचिवालय लगायतलाई विपक्षी बनाइएको छ।